# हरिनास गाउँपालिकाको

## आ.व. २०७९/०८० को

## नीति तथा कार्यक्रम

प्रस्तुतकर्ताः

खिम नारायण मानन्धर

अध्यक्ष

मितिः २०७९/०३/१०

उपस्थित गाउँपालिका उपाध्यक्ष ज्यू , प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यू, गाउँ कार्यपालिका सदस्य ज्यूहरु, गाउँसभा सदस्य ज्यूहरु, राष्ट्रसेवक कर्मचारी साथीहरु, पत्रकार ज्यूहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरु

यस हरिनास गाउँपालिकाको एघारौं गाउँसभामा गाउँपालिकाको नीति कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त खुसी भएको छु । २०७९ वैशाख ३० मा सम्पन्न स्थानीय तह सदस्य निर्वाचनबाट म लगायत मेरो टिमलाई मतदान मार्फत निर्वाचित गराउनुभएका गाउँपालिकावासी आमा बुवा, दाजुभाइ, दिदी बहिनी लगायत सम्पूर्ण मतदाताहरुलाई हृदय देखि नमन टक्रयाउँदछु । यस अवसरमा नेपाली राजनीतिक घटना क्रममा नेपाली जनताहरुले गर्दै आएका विभिन्न आन्दोलनमा सहादत प्राप्त गर्नुहुने वीर शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

आन्तरिक सु-शासन र सबल प्रशासनको विकासबाट हामीले अखितयार गरेको नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको आशा लिएको छु ।

१. समृद्ध नेपाल, सुखी नेपाली भन्ने संघीय सरकारको मूल नाराका साथ उन्नति र समृद्धिको अग्रगामी अभियानमा अग्रसर भएको र गतिशील रहेको सन्दर्भमा संघीय प्रणाली र तिन तहको ढाँचामा आधारित सरकारको माध्यमबाट स्थायी शान्ति, स्थिरता, सुशासन र दिगो विकासका प्रतिफलहरु जनता समक्ष पस्कने दायित्व आफ्नो काँधमा रहेको कुरालाई मनन गर्दै समृद्ध हरिनास, सुखी हरिनास बासीको नारा सहित स्थानीयवासीहरुको स्वास्थ्य, शिक्षा, वातावरणीय स्वच्छता, मर्यादित जीवनस्तर, सभ्यता र सुशासनको प्राप्ति तथा मानव उर्जाको निर्माण, त्यसको उपयोग र परिचालनबाट समता मूलक र दिगो उत्पादन प्रणाली सहितको, सुख र समृद्धिको साझा चाहना, आकाङ्क्षा र सपना बोकेर काम गरी रहेको कुरा यहाँहरु समक्ष राख्न चाहन्छु ।

२. नेपालको संविधान र संविधानले प्रदान गरेका संघीय, प्रदेश र स्थानीय तहमा रहेका एकल तथा साझा अधिकार र यस हरिनास गाउँपालिकाले अंगिकार गरेको जनआकाङ्क्षाको प्रतिविम्ब स्वरुप राजनीतिक दलहरुले निर्वाचनका बेला जनता समक्ष प्रस्तुत गरेका घोषणापत्रहरु र हाम्रा योजनाहरु नै यस हरिनास गाउँपालिकाको लागि निरन्तरको गन्तव्य निर्धारण गर्ने र योजना तर्जुमा गर्ने मूल आधार र मार्गदर्शन हुन् ।

<u>गाउँसभा सदस्य ज्यूहरु</u>

**आगामी आ.व. २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नु अघि म यो चालू आ.व. २०७८/०७९ मा यस हरिनास गाउँपालिकाले हासिल गरेका केही महत्वपूर्ण उपलब्धिका बारेमा केही संक्षेपमा उल्लेख गर्न चाहन्छु ।**

३. विद्यालयका छात्राहरु, महिला शिक्षिका तथा महिला कर्मचारीहरु महिनावारी हुँदा हुने असहज परिस्थिति समाधान गर्न सामुदायिक विद्यालयमा निःशुल्क सेनेटरी प्याड वितरण गरिएको छ ।

४. गाउँपालिका भित्रका युवाहरुको प्रतिभा प्रस्फुटन, आपसी सद्भाव, एकता कायम गर्न तथा राष्ट्रमा युवा खेलाडीको उत्पादन गर्न दग्दी खेल मैदान तथा स्टेडियम निर्माण साथै प्रत्येक वडा तथा टोलमा खेलकुद सामाग्री वितरण गरिएको ।

५. स्थानीय उत्पादन बजार सम्म पुर्याउन, आवतजावत तथा जनजीवन सहज बनाउन र पर्यटन प्रवर्धन गर्न दग्दी-कुलुङखोला-दोभान-वडहर भञ्याङ-किंहू जोड्ने बाटो प्रदेश सरकार र हरिनास गाउँपालिका स्थानीय सरकार को संयुक्त लगानीमा कालो पत्रे पक्की सडक निर्माणको कार्य सम्पन्न हुने अवस्थामा पुगेको । हरिनास-देउराली-बसनडाँडा-काभ्रेघाट मोटरबाटो स्तरउन्नती, खैरेकोट-सालडाँडा मोटरबाटो स्तरउन्नती, हरिनास-दग्दी मोटरबाटो स्तरउन्नती, लिन्डी-कुलिङखोला मोटरबाटो

(वडा ४ र ७) स्तरउन्नती, सेतेखोला बोल्ने पहरा मोटरबाटो स्तरउन्नती, चुइकुना खैरेकोट मोटरबाटो स्तरउन्नती लगायतका योजना सम्पन्न भई बाह्रै महिना सहज रुपमा सवारी आवतजावत भएको छ ।

६. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत नवदुर्गा आ.वि., हरिनास-५, करङ्स्वरा लिफ्टिङ्ग खानेपानी योजना, हरिनास-४, राष्ट्रिय स्तरको दग्दी खेल मैदान, हरिनास-६, हटिया खानेपानी तथा सरसफाई योजना लगायतका ठूला क्रमागत योजनाहरु सम्पन्न भएका छन् ।

७. खानेपानी तथा सरसफाइ योजना तर्फ "एक घर एक धारा" अन्तर्गत गुर्जा लिफ्टिङ्ग खानेपानी योजना, क्याउने अल्को धारा खानेपानी योजना, किचनास खैरेकोट खानेपानी योजना, छापडाँडा खानेपानी योजना, बाहुन्दी खानेपानी योजना, देउराली खानेपानी योजना, धन्दुरे बेसडाँडा खानेपानी योजना, प्यारसिंग हटिया खानेपानी झ्यारपुङ्ग खानेपानी योजना निर्माण सम्पन्न भई फरफारकको चरणमा छन् । यसबाट ६३९ घरधुरी लाभान्वित भएका छन् ।

८. स्थानीय कला संस्कृति प्रवर्द्धन, सामूहिक जमघट, भेला, बैठक लगायतका प्रयोजनको लागि समूह भवन ६०/४० अन्तर्गत १८ वटा भवनहरुको निर्माण कार्य सम्पन्न भई फरफारकको चरणमा छ।

९. आर्थिक विकास तथा वृद्धि गर्न स्थानीय जीवनस्तर उकास्न र राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा हरिनास गाउँपालिकालाई चिनाउने महत्वपूर्ण भूमिका खेल्ने पर्यटन विकास गर्न खैरीकोटमा पर्यटन पूर्वाधार विकासको कार्य अन्तिम चरणमा रहेको, आहाल डाँडा पिक्निक स्पट निर्माण भएको तथा गाउँपालिकाको चिनारी गीत निर्माण गरिएको छ ।

१०. स्थानीय श्रोत साधन परिचालन, सामाजिक परिचालन, गरिबी निवारण, स्थानीय उत्पादनको बजारी करण, रोजगारी श्रृजना र समाजका तल्लो वर्गलाई सक्षम, दक्ष र आत्मनिर्भर बनाउन हरिनास गाउँपालिका वडा नं ७ मा गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन गरिएको छ ।

११. सिँचाई तर्फ कालोमुलखेत सिँचाई, गोहीखोला-मजुवाटार कुलो, गोहीखोला ठूलो कुलो, ढाउखानी सिँचाई, फाल्थोक टंकीमुनी सिँचाई, मजुवा कुलो स्लेप, खहरे सिँचाई, मलेङ्ग खेत बाध कुलो मर्मत, बिसिघर सिँचाई लगायत कुलो निर्माण योजनाहरु यसै आ.व.मा सम्पन्न गरि सुक्खा, बाँझो जमिनमा कृषि उत्पादनलाई बढाइएको तथा खाद्य सुरक्षा सुनिश्चिततामा पहल भएको छ । साथै आगामी आ.व.मा पनि सिँचाई तर्फ बजेट विनियोजन गरिनेछ ।

१२. स्थानीय जनताहरुलाई पैदल आवतजावत सहज बनाउन तथा अप्ठ्यारो बाटोको कारण हुनसक्ने दुर्घटना न्यूनिकरण गर्न पालिकाका हरेक गाउँ तथा बस्तीहरुमा पर्याप्त मात्रामा पक्की गोरेटो बाटोको निर्माण कार्य सम्पन्न गरिएको छ ।

१३. जनताको स्वास्थ्य सेवाको पहुँच पुराउन सबै स्वास्थ्य चौकीमा प्रयोगशाला स्थापना गरिएको छ भने स्वास्थ्य चौकी देखि टाढा रहेको स्थानमा थप २ सामुदायिक स्वास्थ्य इकाइ स्थापना गरिएको छ । कोइराले स्वास्थ्य ईकाइको भवन निर्माण कार्य पनि सम्पन्न गरिएको छ ।

१४. प्रदेश सरकार र हरिनास गाउँपालिकाको सहकार्यमा नागरिक आरोग्य केन्द्र स्थापना गरिएको छ ।

१५. विभिन्न विद्यालयमा रङ्ग रोगन, भवन तथा कक्षा कोठा निर्माण, शैक्षिक सामाग्री वितरण र फर्निचर उपलब्ध गराई शैक्षिक गुणस्तर सुधार र आरामदायी वातावरणमा अध्ययन अध्यापनको वातावरण श्रृजना गरिएको छ ।

१६. बाढी पहिरो, भूक्षय, आगलागी जस्ता प्राकृतिक प्रकोपहरुको असर न्यूनीकरण गर्ने विभिन्न प्रयत्न गरिएको तथा प्रकोपमा परेकालाई आर्थिक राहत उपलब्ध गरिएको छ । पहिरो पन्छाउन तथा यातायात सुचारु गर्न प्रत्येक वडामा वडा सरसफाइ अन्तर्गत पर्याप्त बजेट विनियोजन गरी १२ महिना यातायात संचालन गरिएको छ ।

१७. खेलकुदको विकासका लागि "एक गाउँ एक खेलमैदान" नीति बमोजिम खैरीकोट खेल मैदान, कलवागाईखर्क खेल मैदान, जामुने खेल मैदान, बुम्दी खेल मैदान, लगायतका धेरै खेल मैदान सम्पन्न गरिएको छ ।

१८. स्थानीय भेषभूसा, कला, भाषा, रहनसहन, संस्कृति राज्यको गहना हो । यिनीहरुको जगेर्ना गर्नुपर्छ भन्ने मान्यता स्वरुप दलित विशेष कार्यक्रम, भजनकिर्तन संरक्षण कार्यक्रम , विभिन्न आमा समूहका तथा जात जातीका पोशाक खरीद, कान्छी बजार मेला , चण्डीकालिका मन्दिर, जिमिरे बाराही मन्दिर, शिव मन्दिर, इलाका प्रहरी कार्यालय मन्दिर निर्माण, गुरुङ्ग शवदह निर्माण, चामुण्डा देवी मन्दिर रङ्गरोगन, बाजेबजै थान, अकला देवी मन्दिर निर्माण, धारापनी देवीमाया मन्दिर निर्माण, राम्चेकोट मन्दिर निर्माण, शिवालय मन्दिर निर्माण, लगायतका योजनाहरु सम्पन्न भएको र आगामी आ.व.मा पनि निरन्तरता दिइने छ ।

१९. विकासको मूल प्रवाहमा नपरेको प्रत्यक्ष अध्यक्षसँग योजना माग भई कार्यान्वयन भएका भेषभुषा, भाँडावर्तन, पूर्वाधार, समेतका कार्य सफलतापूर्वक सम्पन्न गरिएको छ ।

२०. परम्परागत अप्राविधिक तथा बेरोजगारी उन्मुख शिक्षा पद्धतिलाई परिवर्तन गरि आधुनिक व्यावहारिक र आत्मनिर्भर उन्मुख प्राविधिक शिक्षा पद्धतिको सुरुवात गर्न महिमा मा.वि. चिसापानीमा बाली विज्ञानको सुरुवात भएको छ भने अन्य विद्यालयमा पनि विस्तार गर्ने नीति लिइने छ ।

२१. लोकतन्त्र, गणतन्त्र र संघीयताका उपलब्धि तथा लाभहरु प्रत्येक गरिबीका रेखामुनि रहेका सामाजिक सुरक्षा र संरक्षणको आवश्यकतामा परेका वा राज्यको स्रोत, साधन, बजेट तथा अवसरबाट वञ्चित रहेका आम नागरिकहरु सम्म पुर्याउन, विगतमा गुमेका अवसर पुनः प्राप्ति गर्न, गरिब र धनी बीचको खाडल कम गर्न तथा स्थानीय समस्याहरुको तत्काल संबोधन गर्ने उदेश्यले जनतासँग

अध्यक्ष कार्यक्रम मार्फत निकै महत्वपूर्ण कार्यक्रम तथा योजना सम्पन्न गरिएको छ ।

२२. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत न्यून आय भएका पालिका बासीहरुलाई उक्त कार्यक्रममा समावेश गरि निजहरुको जीवन स्तरमा सुधार ल्याउने पहल गरिएको छ ।

२३. गाउँपालिकाको विकास नीति तथा योजनालाई मार्ग निर्देशन दिन , विकास र समृद्धिलाई अल्पकालीन मध्यकालीन तथा दीर्घकालीन लक्ष्य समेटी आगामी आ.व. मा यस हरिनास गाउँपालिकाले प्रथम पञ्चवर्षिय योजना तर्जुमा, क्षमता विकास योजना, लैङ्गिक समानता तथा सामाजिक समावेशिता रणनीति अन्तिम चरणमा पुगेको छ ।

**गाउँसभाका सदस्यज्यूहरु,**
**अब म आगामी आर्थिक वर्ष २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रमको मूल भागमा प्रवेश गर्न चाहन्छु ।**

## कृषि तथा पशु तर्फ

२४. **"हरिनास गाउँपालिकाको आवश्यकता, कृषि क्षेत्रमा अत्मनिर्भरता"** भन्ने मूल नारा साथ युवाहरुलाई कृषिमा आकर्षण गराउन युवा स्व-रोजगार र युवा लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ। रैथाने बाली कोदो तथा फापरको बिस्तारका लागी खाद्यान्नमा आत्मनिर्भरको नीति अवलम्बन गरिनेछ

२५. हरिनास गाउँपालिका भित्र एक घर एक बहु पोषणयुक्त करेसाबारीलाई विशेष आयोजनाका रुपमा अगाडि बढाइनेछ । यस्तो करेसाबारीमा सिजन अनुसारका तरकारी, कुरिलो, कागती, सुन्तला आदि बिरुवाहरुको उत्पादन सहित उपयोग गर्ने कार्यक्रम गरिने छ ।

२६. कृषि क्षेत्रको विकास र प्रवर्धन गर्न गाउँपालिका विभिन्न कृषि योग्य जमिनलाई सम्भाव्यताका आधारमा तरकारी, फलफूल, तथा पशुपालनका क्षेत्रको रुपमा घोषणा गरी मौसमी तथा बेमौसमी तरकारी, फलफूल तथा पशु जन्य उत्पादनका साथै माटोको परीक्षण, पानी परीक्षण गरी आधुनिक तरिकाले कृषिलाई व्यवसायीकरण गर्न प्रोत्साहन गर्दै सुन्तला तथा बाख्रा पकेट कार्यक्रमलाई निरन्तरता दिइने छ ।

२७. कृषि क्षेत्रको आधुनिकिकरण, यन्त्रीकरण, विशिष्टीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धिमा जोड दिइनेछ। सोका लागि कृषि यन्त्र उपकरणमा अनुदान को व्यवस्था मिलाइनेछ । कृषि अनुदान कार्यक्रमलाई व्यवस्थित रुपमा लागू गरिनेछ ।

२८. दिगो कृषि विकास, जैविक विविधता, प्राकृतिक स्रोत तथा वातावरण संरक्षण बीच सन्तुलन कायम राख्दै, बाँझो निजी जमिन, सार्वजनिक खुला क्षेत्र तथा खोला किनारमा अलैंची, सुन्तला, कागती, एभोकार्डो, घाँस खेती गर्न सर्वसाधारण व्यक्ती तथा समूहलाई प्रोत्साहन गरिनेछ।

२९. नदी किनारका जमिन ,वेशी, टार तथा खेतबारीका कान्लाहरुमा सम्भाव्य फलफूल खेती गरी फलफूलको उत्पादन बढाई फलफूलमा आत्मनिर्भरताका लागि एक घरधुरिमा एक फलफूल बिरुवा रोपण कार्यलाई अभियानका साथ अगाडि बढाइनेछ ।

३०. गाउँपालिका भित्र कृषि व्यवसायिकतालाई जोड दिँदै नगदे बालीलाई प्रोत्साहन नगदे बाली उत्पादनबाट कृषकको आय आर्जनमा टेवा पुर्याउने नीतिलाई निरन्तरता दिइनेछ ।

३१. जुनोटिक तथा महामारी किसिमका रोगहरु रोकथाम तथा नियन्त्रण गर्न भ्याक्सिनेशनका साथ पशु स्वास्थ्य शिविर तथा खोप कार्यक्रम संचालनका लागि गाउँपालिका र प्रदेश सरकारसँग सहकार्य गरी विशेष जोड दिइ पशुपक्षीमा लाग्ने विभिन्न रोग तथा परजीवीलाई रोकथाम तथा उपचार गर्नको लागि निःशुल्क औषधी र पूर्ण खोपको व्यवस्था गर्दै विपन्न परिवारका किसानका लागि कुखुराका चल्ला, वंगुरका पाठापाठी वितरण गर्दै विपन्न परिवारको आयआर्जनमा वृद्धि गर्ने लक्ष्य राखिएको छ र पालिकामा आवश्यक उन्नत जातका बोका तथा पशु वितरण गरी पशु व्यवसायलाई सुद्रिढिकरण गर्दै लगिनेछ ।

३२. विषादीको प्रयोगलाई निरुत्साहित गरी अर्गानिक खेतीको बिस्तारमा जोड दिइने छ । साथै आइ.पी.एम कार्यक्रम संचालनका लागि पहल गरिनेछ ।

**गाउँसभाका सदस्यज्यूहरु**

**पूर्वाधार विकासतर्फ**

**सडक**

३३. दग्दी कुलुङखोला दोभान बडहर भन्ज्याङ हुदै किहु जोडने पक्की ग्रामीण सडक निर्माणका लागी प्रदेश सरकार र यस कार्यालयको साझेदारीमा निरन्तरता दिइनेछ ।

३४. सवारी साधनमा नियमितता ल्याउन क्षमता भन्दा बढी यात्रु राखी सवारी चलाउने तथा मादक पदार्थको प्रयोग बाट हुने दुर्घटनामा कमी ल्याउन सुरक्षा संयन्त्रको समन्वयमा आवश्यक कारबाही गर्ने नीति अवलम्बन गरिने छ ।

३५. हरिनास गाउँपालिकाको सदरमुकाम देखि सबै वडा कार्यालयहरु सम्म बाह्रै महिना सडक संचालन हुन सक्ने व्यवस्था मिलाइने छ ।

## भवन निर्माण

३६. गाउँपालिकाको प्रशासकीय भवनको निर्माणको लागि संघ र प्रदेश सरकार सँग साझेदारी गरी आगामी आ.व. मा भवन निर्माणको काम सुरुवात गरिनेछ । त्यस्तै गरी आफ्नै भवन नभएका वार्ड कार्यालयहरुमा पक्की भवन निर्माणको व्यवस्था मिलाइने छ ।

३७. भवन निर्माण आचार संहिता बमोजिम घर नक्सा पास गरि मात्र भवन निर्माण गर्ने व्यवस्था मिलाइनेछ । स्वीकृत मापदण्ड विपरीत निर्माण कार्य गरिएका संरचनालाई विशेष व्यवस्थासहित कानुनी दायरामा ल्याइ त्यस्ता कार्य गर्नेलाई निरुत्साहित गरिनेछ ।

## खानेपानी तथा सरसफाइ

३८. खानेपानी आयोजनाहरुमा अपनत्व बोध गराउन खानेपानी आयोजनाहरुमा अनिवार्य मर्मत संभार कोष स्थापना गरिने छ र जसका लागि अनिवार्य पानी महसुल को सुरुवात गरी समितिको कोषमा जम्मा गर्ने व्यवस्था मिलाइनेछ ।

३९. स्वच्छ पिउने पानी लाई उच्च प्राथमिकता राखी भएका स्रोतहरुको अधिकतम प्रयोग र समानुपातिक वितरणमा जोड दिई श्रोतको अनुपातमा धाराहरुको व्यवस्था गरिनेछ । एक घर एक धारा अभियानलाई निरन्तरता दिइने छ ।

४०. खानेपानी सम्बन्धी सञ्चालित योजनाहरुमा कार्यरत ज्यामीहरुलाई विज्ञहरुबाट क्षमता विकास सम्बन्धी कार्य गरिनेछ ।

## आवास तथा पुनर्निर्माण एकीकृत वस्ति विकास

४१. गाउँपालिकामा भूमिहीन घरबार बिहिनहरुका लागि व्यवस्थित बसोबासको व्यवस्था मिलाउन जनता आवास कार्यक्रम, खरको छानो विस्थापित कार्यक्रमहरु स्थानीय सरकार, संघ र प्रदेश सरकार सँगको समन्वयमा बसोबासका कार्यक्रमहरु अगाडी बढाइने छ ।

४२. अति गरिबको रेखा मुनी रहेका व्यक्तिलाई निःशुल्क सुरक्षित आवासको लागि उपयुक्त कानुन बनाइ व्यवस्था मिलाइनेछ ।

## ऊर्जा

४२. यस गाँउपालिकालाई उज्यालो गाउँपालिका बनाउनका लागी बिद्युत सेवा नपुगेका बस्तीलाई प्राथमिकताका साथ अगाडी बढाइ बिजुली बत्ति विस्तार गरिनेछ ।

४३. पालिकाभित्र आवश्यकताको आधारमा सौर्य ऊर्जा प्रवर्द्धनमा जोड दिइनेछ ।

४४. ऊर्जाको मुख्य स्रोतका रुपमा प्रयोग भएको दाउरा माथिको निर्भरतालाई कम गर्न वायोग्यास सौर्य ऊर्जा जस्ता प्रविधिहरुमा लगानी विस्तार गरिने छ ।

## उद्योग

४५. स्थानीय तहमा संचालित ठूला तथा साना उद्योग तथा व्यवसायलाई कानुनी दायरामा ल्याउन न्यून करको माध्यमबाट करको दायरा फराकिलो बनाई आन्तरिक आय संकलन गरिने छ ।

४६. उद्योग वाणिज्य तथा व्यवसाय प्रशासन सँग सरोकार हुने पक्षहरुको क्षमता अभिवृद्धि तथा सशक्तिकरण गरी साना तथा मझौला उद्योगहरुको विकास तथा विस्तार गरिनेछ ।

## पर्यटन

४७. प्राकृतिक रुपले रमणीय स्थानमा रहेको यस गाउँपालिका ऐतिहासिक, धार्मिक, सांस्कृतिक धरोहरहरुको रुपमा रहेका यस क्षेत्रका पौराणिक मठ मन्दिर देवलहरुको संरक्षण गरी थप निर्माण कार्यमा जोड दिइ पर्यटकीय क्षेत्र घोषणा गरी पर्यटकमैत्री संरचना निर्माण गरिनेछ ।

४८. गाउँपालिकाको पर्यटकीय क्षेत्रको विकास, विस्तार र बजारीकरण गर्न पर्यटन सँग सरोकार राख्ने निकायहरु सँग समन्वय र साझेदारी गरिनेछ ।

## सामाजिक विकासतर्फ

स्वास्थ्य

४९. गाउँपालिका स्तरीय १५ शैयाको अस्पताल निर्माणका लागि निरन्तरता दिइनेछ ।

५०. चित्रे भन्ज्यांग स्वास्थ्य चौकीमा भौतिक पूर्वाधारको कार्य गरि प्रसूति केन्द्र संचालन गरिने छ ।

५१. जेष्ठ नागरिकहरुलाई टोल टोल गरि स्वास्थ्य जाँच गर्ने कार्यलाई म स्वास्थ्य मेरो गाउँ स्वास्थ्य कार्यक्रम मार्फत संचालनमा ल्याइने छ । प्रत्येक ६ महिनामा हरिनास गाउँपालिकाका सबै विद्यालयका विद्यार्थीहरुलाई जुका औषधी नियमित खुवाउने कार्यलाई निरन्तरता दिइनेछ । सबै स्वास्थ्य चौकी र स्वास्थ्य इकाइमा निःशुल्क औषधीहरु नियमित रुपमा उपलब्ध भइराखेको छ । यसको सुनिश्चितताको लागि आवश्यक व्यवस्था मिलाइनेछ र विभिन्न संघ संस्थाहरु मिलेर स्वास्थ्य शिविरहरु संचालन गरि निःशुल्क उपचारको व्यवस्था मिलाइएको छ ।

५२. सुरक्षित मातृत्व कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न "सुत्केरीसँग उपाध्यक्ष पोषण कार्यक्रम" मार्फत आवश्यक व्यवस्था मिलाइने छ | स्वास्थ्य संस्थामा प्रसूति हुने महिलालाई प्रोत्साहनको व्यवस्था गर्ने  गरि नीति लिइनेछ |

५३. प्रजनन स्वास्थ्यलाई विशेष रुपमा सुरक्षित गर्भपतन लगायतका सेवालाई सुरक्षित सर्व सुलभ र पहुँच योग्य बनाउन र सेवाकेन्दको संख्यालाई थप गर्न दक्ष जनशक्तिको व्यवस्थापन तथा तालिम तथा प्रजनन स्वास्थ्य सेवा सम्बन्धी कार्यक्रमलाई विशेष ध्यान दिइनेछ |

५४. भवन निर्माण गर्न  बाँकी रहेका स्वास्थ्य इकाई/स्वास्थ्य केन्द्रको भवन निर्माण क्रमशः गरिनेछ | आवश्यक टोल र समुदायको माग तथा औचित्यताको आधारमा सामुदायिक स्वास्थ्य इकाइको स्थापना गरिने छ ।

५५. स्वास्थ्य चौकीमा स्वास्थ्य प्रयोगशाला सेवा संचालनमा रहेकोमा आवश्यकताको आधारमा अन्य सामुदायिक स्वास्थ्य इकाइमा क्रमिक रुपमा प्रयोगशाला सेवा विस्तार गरिनेछ

५६. पोषण को सन्दर्भमा विशेष कार्यक्रम संचालन गरिने छ |

५७. पूर्ण खोप युक्त गाउँपालिका भइसकेको हुँदा यसको निरन्तरताको लागि आवश्यक कार्य गरिने छ ।

५८. गाउँपालिका भित्र रहेका खोप केन्द्रको भवन (EPI CLINIC) क्रमशः निर्माण निर्माण गरि सुरक्षित खोप सेवा प्रदानको व्यवस्थालाई विशेष ध्यान दिइनेछ ।

५९. घरमा हुने सुत्केरीलाई निरुत्साहित गरिने छ र शून्य घर सुत्केरीको अवस्थालाई अभियानका रुपमा अगाडी सारिने छ ।

६०. स्वास्थ्य कर्मीको क्षमता विकासको लागि विशेष जोड दिइनेछ ।

६१. राम्रो काम गर्नेलाई पुरस्कृत गरिने नीति लिइने छ । स्वास्थ्य संस्थामा सुत्केरी गराउन प्रोत्साहित गर्ने व्यवस्थामा जोड दिइनेछ । गाउँपालिकाले एम्बुलेन्सको व्यवस्था गर्ने नीति लिइनेछ ।

६२. संघ र प्रदेश सँगको सहकार्यमा स्वास्थ्य विमा कार्यक्रमलाई अभियानको रुपमा अगाडी बढाउने । क्यान्सर, मुटु, मृगौला, सिकल सेल एनिमिया, स्पाइन इन्जुरी, पार्किन्सन, अल्जाइमर र हेड इन्जुरी लगायतको उपचारको लागि अति गरिब विरामीलाई आर्थिक सहयोग गर्ने नीति लिइनेछ । साथै गाउँपालिकाको तर्फबाट बिभिन्न रोगलागि आर्थिक सहायता आबश्यक पर्ने नागरिकलाई केहि मात्रामा भएपनि आर्थिक सहायता उपलब्ध गराउने नीति लिइनेछ ।

६३. अति विपन्न र गरिविको रेखा मुनि रहेका गरिव परिचय पत्र प्राप्त व्यक्तिहरुलाई निःशुल्क स्वास्थ्य विमा गराइने छ ।

६४. स्वास्थ्य चौकी नभएका वाडमा स्थापना भएका सामुदायिक स्वास्थ्य इकाईलाई क्रमशः स्वास्थ्य चौकीमा स्तरउन्ति गर्दै लगिनेछ ।

६५. यस गाउँपालिका भित्र रहेका महिला स्वास्थ्य स्वयम् सेविकाको कार्यको सम्मान गर्दै पालिकाबाट यातायात खर्च स्वरुप प्रोत्साहन गर्ने नीति लिइने छ ।

६६. विभिन्न रोगका कारण हुन् सक्ने महामारी जन्य समस्यालाई सम्बोधन गर्नको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

६७. स्थापना भएका स्वास्थ्य संस्थाको आन्तरिक व्यवस्थापनको लागि आवश्यक पर्ने भौतिक तथा वित्तीय श्रोतको व्यवस्था पालिकाबाट गर्ने नीति लिइनेछ ।

६८. आयुर्वेदिक औषधालयको स्थापनामा विशेष जोड दिइनेछ ।

६९. कोभिड विरुद्धको खोप पूर्ण सुनिश्चितता गाउँपालिकाको पहल गरिनेछ ।

शिक्षा

७०. हरिनास बासीको इच्छा प्रविधि मैत्री र गुणस्तरिय शिक्षा लाइ आत्मसाथ गर्दै गाउँपालिकाका सबै विद्यालयहरुमा सूचना प्रविधिको उच्चतम प्रयोग गर्ने नीति लागू गरिनेछ ।

७१. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको आकर्षण बढाउन बाल मैत्री उद्यान पार्क र आधारभूत शैक्षिक पूर्वाधारहरुको निर्माण, मर्मत संभार, संचालन र व्यवस्थापनमा जोड दिइनेछ ।

७२. यस गाउँपालिका भित्र मा.वि. र आधारभूत विद्यालय गरी जम्मा ३१ वटा विद्यालय रहेकोमा कतिपय विद्यालयमा विद्यार्थी शिक्षकको अनुपात घटी बढी भएको अवस्था विद्यमान छ सो अवस्थामा विद्यार्थी र शिक्षकको अनुपात मिलाइ शिक्षक दरबन्दी मिलानमा जोड दिइनेछ ।

७३. शिक्षकहरुलाई समय सापेक्ष र नविनतम सिकाईका विधिहरु बारे जानकारी गराउन विषयगत तालिम र प्रशिक्षणको व्यवस्था गरी शिक्षकहरुलाई उच्च मनोबलका साथ काम गर्ने वातावरण निर्माण गरिनेछ ।

७४. प्र.अ., शिक्षक, जनप्रतिनिधि लगायतलाई नमुना विद्यालयमा शैक्षिक अवलोकनको व्यवस्था मिलाइनेछ ।

७५. रुम टु रिडबाट संचालित कार्यक्रमलाई निरन्तरता दिइने छ ।

७६. सामुदायिक विद्यालयहरुमा निःशुल्क स्यानिटरी प्याडको व्यवस्था यस वर्ष पनि निरन्तरता दिइनेछ ।

**सरसफाइ तथा स्वच्छता**

७७. हरिनास गाउँपालिका भित्रको फोहर मैला व्यवस्थापनलाई दिगो र प्रभावकारी बनाउन गाउँ बस्तीबाट टाढा रहेको क्षेत्रमा फोहोर व्यवस्थापनको नीति लिइने छ ।

७८. गाउँपालिकाको पर्यटकीय क्षेत्रहरुमा सार्वजनिक शौचालय र खानेपानीको सुविधा पुर्याईनेछ ।

७९. "वातावरण मैत्री गाउँपालिका" निर्माणमा जोड दिइनेछ ।

८०. एक घर एक चर्पी कार्यक्रम अनुरुप हरेक घरमा सफा चर्पी निर्माण मा जोड दिइ पानी जन्य सरुवा रोग नियन्त्रणमा आवश्यक कार्यक्रम अगाडी बढाइने छ ।

**गाउँसभाका सदस्यज्यूहरु,**

**समावेशीकरण**

८१. महिलाहरुको नेतृत्व र निर्णायक भूमिका स्थापित गर्न सामुदायिक विकासका कार्यहरुमा समान सहभागिताको लागि उपयुक्त वातावरण प्रदान गरिनेछ ।

८२. महिलालाई सीप र रोजगारी मा समान अवसर उपलब्ध गराई समान कामको समान ज्यालाको सुनिश्चतता गरिनेछ ।

८३. महिला, दलित, आदिवासी जनजाति, लोपान्मुख तथा सिमान्तकृत वर्गको क्षमता अभिवृद्धि र सशक्तिकरणका कार्यक्रमहरु लागू गरिनेछ । परम्परागत पेशाहरुको वैज्ञानिकीकरण गर्दै आय आर्जनतर्फ उन्मुख गर्ने कार्यक्रम लागू गरिने छ । जातीय भेदभाव कसुर सजाय ऐनलाई प्रभावकारी कार्यान्वयन गर्न पालिकाबाट विशेष व्यवस्था गरिने छ । हरेक वडामा दलितहरुको सामूहिक आय आर्जनको कार्यक्रममा जोड दिँदै दलित तथा सिमान्तकृत वाल बालिकाको निःशुल्क शिक्षाको ग्यारेन्टी गरिने छ ।

## बालबालिका युवा तथा खेलकुद

८४. हरेक वडामा बहुउदेश्यीय खेलमैदानको निर्माण गरी वालवालिका तथा युवाहरुलाई विभिन्न विधाको खेलकुदमा आकर्षण गराइनेछ ।

८५. परिमार्जन सहित खेलकुदका प्रतियोगिताको विधाहरु थपेर राष्ट्रपति रनिङ्ग शिल्ड र अध्यक्ष कप प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

८६. "सकारात्मक सोच र उर्जाशिल युवा हाम्रो चाहना कुलत रहित स्वस्थ युवा हरिनासको गहना" भन्ने नाराका साथ कुलतमा परेका युवाहरुका लागि विशेष कार्यक्रम संचालन गरी युवाहरुलाई सीपमूलक तालिम सञ्चालनको व्यवस्था गरिनेछ ।

८७. सबै विद्यालयहरुमा राजनैतिक कार्यक्रमहरुलाई निरुत्साहित गरिनेछ ।

८८. शहीद वेपत्ताका छोरा छोरीहरु बाबु आमा गुमाएका टुहुरा बालबालिकाहरु संरक्षण गर्दै उनीहरुलाई विद्यालय सम्म ल्याउने टिकाउने पढाउने र सिकाउने नीति मिलाइने छ ।

८९. विद्यालय तथा वडा स्तरमा वाल क्लबहरु गठन गरि पालिकास्तरीय वाल संजाल निर्माण गरिनेछ ।

## सार्वजनिक निजी साझेदारी कार्यक्रम

९०. सरकारी तथा निजी क्षेत्रको सहभागितामा भौतिक पूर्वाधारको विकास गर्न सार्वजनिक–निजी साझेदारीको अवधारणलाई प्रोत्साहित गरिनेछ ।

९१. साना पूर्वाधार निर्माणका लागि प्रोत्साहन गर्न गैर सरकारी क्षेत्र वा अन्य क्षेत्रबाट समेत लगानी गरेकोमा समपुरक कोषबाट केही रकम गाउँपालिकाले व्यहोर्ने गरी साझेदारी कार्यक्रम अगाडी बढाइने छ ।

## वन वातावरण

९२. वन क्षेत्रको सदुपयोग गरी समुदायको दिगो आम्दानीको श्रोतको विकास गर्न आफ्नै निजी खाली रहेका जग्गाहरुमा उपयुक्त भौगोलिक वातावरण अनुकूल हुने गरी जडीबुटी, गैर काष्ठ वन पैदावारहरुको खेती विस्तार गरिनेछ ।

९३. खानी जन्य उत्खननलाई व्यवस्थित गर्न पहल गरिनेछ ।

९४. गाउँपालिका अन्तर्गत रहेका बन क्षेत्र लगायत सबै स्थानका सार्वजनिक जग्गाहरुको अतिक्रमण र अवैध उपभोगलाई रोक्नका लागि सरोकार निकायसँग समन्वय गरिनेछ ।

९५. गाउँपालिका भित्र हुने सबै खालका विकास निर्माणकार्यहरु गर्दा वातावरणीय पक्षलाई विशेष ध्यान दिइने छ ।

**सूचना प्रविधि**

९६. सूचना सम्प्रेषणलाई विश्वसनीय र मर्यादित बनाउन संचार संस्था तथा संचारकर्मीहरुसंग सहकार्य गरिनेछ ।

९७. सञ्चारक्षेत्रमा क्रियाशिल सार्वजनिक संघ–संस्थाहरुको संरचनागत एवं व्यवस्थापकीय सुधारमा सहकार्य गरिनेछ । जनतासँग प्रत्यक्ष सरोकार राख्ने, विकास र सम्बृद्धिमा टेवा पुर्याउने खालका कार्यक्रम उत्पादन प्रसारण गर्न जोड दिइनेछ ।

९८. सामुदायिक विद्यालयहरुमा टेलिफोन, इन्टरनेटको क्रमिक रुपमा विस्तार गरिनेछ ।

**सुशासन सेवा प्रवाह र जनशक्ति विकास**

९९. जनताबाट निर्वाचित जनप्रतिनिधिहरु जनता प्रति उत्तरदायी जनताको पिर मर्का बुझ्ने व्यवस्था मिलाइने छ ।

१००. गाउँपालिकाका सबै कार्यालयहरु लाई इन्टरनेटका माध्यमबाट सबै वडाहरु, स्वास्थ्य चौकी, सामुदायिक विद्यालयहरुमा इन्टरनेट सेवा को प्रारम्भ गरिने छ ।

१०१. गाउँपालिका भित्र भ्रष्टाचारमा शून्य सहनशीलता नीति लिइनेछ । उच्च कार्यसम्पादन गर्ने कर्मचारीहरुलाई प्रोत्साहन गर्न कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्तालाई परिमार्जनसहित निरन्तरता दिइनेछ, गाउँपालिकामा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीहरुलाइ पुरस्कृत गर्ने प्रणालीको विकास गरिनेछ । ।साथै आन्तरिक पर्यटन वृद्धिका लागी अवलोकन भ्रमणको व्यवस्था मिलाइने छ ।

१०२. सार्वजनिक सेवा प्रवाहमा मितव्ययी, प्रभावकारी ढङ्गले कार्य सम्पादन गर्न कर्मचारीहरुको क्षमता विकास र सशक्तिकरण गर्ने कामलाई प्राथमिकता दिइनेछ ।

१०३. सार्वजनिक खर्चको वित्तीय जवाफदेहिता सुनिश्चित गर्दै आन्तरिक खर्चलाई चुस्त बनाइनेछ र कार्यालयबाट हुने सबै भुक्तानी बैक मार्फत हुने व्यवस्था मिलाइनेछ । त्यसै गरी गाउँपालिका अध्यक्षले वडाध्यक्ष सँग र प्रमुख प्रशासकीय अधिकृतले शाखा प्रमुख सँग मापन योग्य सूचकहरुसहित कार्यसम्पादन सम्झौता गरी सम्बन्धित पदाधिकारीहरुलाई नतिजा प्रति थप जबाफदेही बनाइनेछ ।

**राजस्व प्रशासन**

१०४. गाउँपालिकाले हाल लिदै आएको कर,राजस्व,शुल्क आदिलाई थप व्यवस्थित र नियमन गरिनेछ ।हाम्रो गाउँपालिका हाम्रो कर,समृद्ध बनाउने हाम्रै रहर भन्ने नारालाई साकार पार्न राजस्वको आन्तरिक श्रोतको दायरालाई फराकिलो बनाइनेछ । टोल टोलमा कर मैत्री प्रशासनको अभियान सञ्चालन गरिनेछ ।

**न्यायिक समिति**

१०५. विवाद समाधानको लागि मेलमिलाप तथा मध्यस्थता सेवालाई न्यायिक समिति मार्फत थप प्रभावकारी बनाइनेछ । हरेक वडामा मेलमिलाप मार्फत विवाद समाधान गर्न मेलमिलाप केन्द्र स्थापना गरिनेछ ।

१०७.न्यायिक समितिको क्षमता अभिवृद्धिको लागि कानुनी सचेतना र कानून सम्बन्धी अभिमुखीकरण कार्यक्रमको व्यवस्था मिलाइनेछ ।

विपद व्यवस्थापन

१०८.स्थानीय स्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना,पूर्व सूचना प्रणाली,खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, स्थानीय तटबन्ध, नदी र पहिरोको नियन्त्रण, विपद जोखिम क्षेत्रको नक्सांकन तथा वस्तीहरुको पहिचान र स्थानान्तरण गरिनेछ । विपद् व्यवस्थापनका लागि वडा-वडामा विपद् व्यवस्थापन समिति गठन गरिनेछ ।विपद् जोखिम न्यूनिकरण गर्न विपद् व्यवस्थापन कोष निर्माण गरी कार्यविधिअनुसार संचालन गरिनेछ।

विविध

१०९.विकासको मूल प्रवाहमा समावेश नभएका योजनालाई जनतासँग अध्यक्ष कार्यक्रम मार्फत संचालन गरिनेछ ।

११०.अन्तर पालिका समन्वयात्मक कार्यक्रम संचालन गरिने छ ।

१११.प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि साझेदारीका कार्य गरिनेछ । साथै सम्बन्धित वडा कार्यालयमा जिम्मा दिने गरि भौतिक सामग्री खरिद गरिनेछ ।

११२.अति विपन्न घरपरिवारको जीवनयापनका लागि न्यूनतम आर्थिक सहयोग उपलब्ध गराइने छ ।

११३.गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रमलाई थप प्रभावकारी रुपमा विस्तार गरिदैं लगिनेछ । साथै तालिम प्राप्त दक्ष व्यक्तिलाई अनुदानमा उपकरणहरु उपलब्ध गराइने छ ।

११४.कार्यालयको आवश्यकता अनुसार विज्ञबाट सेवा परामर्श लिइने कार्य गरिनेछ ।

**गाउँसभाका सदस्यज्यूहरु,**

११३.यी नीति तथा कार्यक्रमको कार्यान्वयनबाट "समृद्ध हरिनास,सुखी हरिनासवासी" को गन्तव्यमा पुगी समृद्ध नेपाल,सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्न हाम्रो सरकारका प्रत्येक कार्यहरुको केन्द्रबिन्दु आम नागरिक हुनेछन् ।सबैलाई समान अवसर,समान अधिकार,उत्तिकै सुरक्षा, उत्तिकै सम्मानको प्रत्याभूति गरिनेछ ।

अन्त्यमा

स्थानीय तहको समग्र विकास र समृद्धिका लागि यस नीति तथा कार्यक्रमले अंगिकार गरेका विषयहरुको कार्यान्वयन महत्वपूर्ण हुनेछ । नेपालको संविधानले आत्मसाथ गरेका मान्यता र परिकल्पना राष्ट्रिय योजना आयोगले तयार पारेको पन्ध्रौं योजनाको आधार पत्र, दिगो विकास लक्ष्य हरिनास गाउँपालिकाका आम जनसमुदायबाट प्रकट भएका भावनाहरुलाई यस नीति तथा कार्यक्रमले समेटेको छ । आगामी बजेटबाट नीति तथा कार्यक्रममा व्यक्त प्रतिबद्धतालाई सम्बोधन हुने विश्वास लिएको छु । यो नीति तथा कार्यक्रम स्वच्छ सुखी र समुन्नत स्थानीयको खाका सहित कार्यान्वयन योग्य दस्तावेजको रुपमा रहेको छ । नीति तथा कार्यक्रम कार्यान्वयनमा स्थानीय सरकालाइ सबै क्षेत्रबाट भरपूर सहयोग प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु साथै नीति तथा कार्यक्रमका लागी सुझाव दिने हुने र तर्जुमाको कार्यमा संलग्न हुनुहुने सम्पूर्ण महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !

खिमनारायण मान्नधर
अध्यक्ष
हरिनास गाउपालिका - स्याङजा